JOIN IELTS MORNING | DAY | EVENING CLASSES
APPLY TO STUDY IN AUSTRALIA & NEW ZEALAND
BEACON Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन १० गते सोमबार ❑ 22 Feb. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## पूर्वजको वीरगाथाको अनुसरण गरौँ: प्रधानमन्त्री ओली

रासस
काठमाडौँ, ९ फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीले पूर्वजको वीरगाथाको स्मरण र सम्मान मात्र नगरी तिनको भावनाको अनुसरण गर्न पनि आह्वान गरेका छन् ।

सैनिक मुख्यालय जङ्गी अड्डामा आइतबार आयोजित 'स्वयंसेवक भूमिकामा राष्ट्रिय सेवा दल' विषयक गोष्ठी उद्घाटन गर्दै बलिदानीपूर्ण, कीर्तिमानी र गौरवपूर्ण इतिहास बोकेको पूर्वका भावनालाई मनमा राखेर राष्ट्रनिर्माणका काममा अग्रसर हुन सबैलाई आग्रह गरे ।

हाम्रा दृष्टिकोण र जानकारीको कमीका कारण हाम्रो मुलुक र समाज पछि परिरहेको बताउँदै उनले भने, "अब मुलुक पछाडि परिरहने कुरालाई स्वीकार गरिरहन सकिन्न, हामीले सिर्जनात्मक र रचनात्मक ढङ्गले नयाँ विचार लगाएर राष्ट्र निर्माणमा अघि बढ्नु जरुरी छ ।" मुलुकलाई समृद्ध तुल्याउन आफूले गर्नुपर्ने र अरु क्षेत्रबाट गरिने कामका बीच पनि तालमेल मिलाउन, सहयोग गर्न र



संयोजन गर्न सरकार तयार रहेको प्रधानमन्त्री ओलीले बताए । उनले भने, "देश बनाउनुपर्छ र बिगार्नुपर्छ भनी विभिन्न विचार बोकेका अभियानकर्मी मात्र होइन, स्वार्थलाई केन्द्रविन्दुमा राखेर चल्ने पनि सक्रिय छन् । देश बनाउनुपर्छ भनी सोच राख्नेले राष्ट्रका लागि आहुति दिन पनि तयार हुनुपर्छ ।"

बलिदानीपूर्ण कीर्तिमानी र गौरवपूर्ण इतिहास बोकेको नेपाली सेनासहित सबैका भावनालाई मनमा राखेर हामीले राष्ट्रनिर्माणका काममा अग्रसर हुन जरुरी रहेको संस्थाका प्रमुख संरक्षक प्रधानमन्त्री ओलीले बताए । समाज परिवर्तनका लागि पछौटेपनविरुद्ध ज्योति र अग्रगामी चेतनाका संवाहक भएर अघि बढ्न जरुरी रहेको बताउँदै प्रधानमन्त्री ओलीले भने, "सामाजिक मर्यादा, इमान्दारी, नैतिकता, मानवीयता, राष्ट्रियताप्रतिको इमान नै सबैभन्दा महत्वपूर्ण हुन्, इमानबाट च्यूत मान्छे अपराधी मात्र हुन्छ ।" प्रधानमन्त्री ओलीले दुनियाँ जङ्गली अवस्थामा रहँदा सभ्यता, दर्शन, चिन्तन, सामाजिक सुप्रबन्ध, ज्ञान, ध्यान, खोजअनुसन्धानको इतिहास शुरुआत भएको नेपाल स्वास्थ्य, पूर्वाधार, सामाजिक सूचकाङ्क र विकासमा पछि परे पनि अब गौरवमय इतिहाससँग तादम्यता हुने गरी पूर्वाधार, आधुनिकता, विज्ञान, सामाजिक मूल्यमान्यताको स्तरीयता र मानवीय भावनाको विकास गर्नुपर्ने औल्याए ।

प्रधानमन्त्री ओलीले अप्रत्याशितरुपमा हुने विपत्तिलाई सामूहिक प्रयासबाट निस्तेज तुल्याउँदै सेवा दलबाट उत्पादित जनशक्ति सेवा, परोपकार, शान्तिका लागि सधैँ तत्पर र कर्तव्य निष्ठ भई चल्नुपर्छ भने ।

## नेकपा फुटेको छैन: मन्त्री अर्याल

पोखरापत्र संवाददाता
स्याङ्जा, ९ फागुन

नेपाल सरकारका कृषि तथा पशुपंक्षी विकास मन्त्री पद्मा अर्यालले नेपाल कम्युनिष्ट पाटी(नेकपा) कानुनी रुपमा नफुटेको दावी गरेकी छन् ।

स्याङ्जाको वालिङ स्थित भुम्रे अर्चलेबाट तमादी डुम्रेभञ्याङ बानीडाँडा हुदै सेतीवेणी गुल्मी सम्म पुग्ने कालोपत्रे सडकको शिलन्यास गर्दै मन्त्री अर्यालले केही साथीहरु सडकमा गएपनि नेकपा कानुनी रुपले नफुटेको बताएकी हुन् । नेपाल अब चुनावी बाटोमा लागेकाले प्रधानमन्त्री केपी शर्मा ओलीले सडकमा गएका साथीहरुलाई तपाईहरुलाई चित्त नबुझेर सडकमा जानु भएको छ फर्केर आउनुहोस भनेर आव्हान गर्नुभएको छ मन्त्री अर्यालले भनिन् । कम्युनिष्ट पाटीहरु फुट्ने र जुट्ने यो कुनै नौलो नभएको



भन्दै मन्त्री अर्यालले प्रधानमन्त्रीले व्यवस्थापनको व्यवस्था अवलम्वन गरेको नेकपा नफुटेको जिकिर गरिन् । ३० बर्षको इतिहासमा नेपालमा कुनै विकास र नेपाललाई चिनाउने काम नभएको भन्दै मन्त्री अर्यालले यो तिन बर्षमा सरकारले उल्लेख्य काम गरेको दावी गरिन् । लिपुलेक लिपियाधुरालाई नक्सामा समेट्ने देखि सगरमाथाको उचाई नाप्ने काम यही सरकारले गरेको भन्दै ३० बर्ष सम्म बनेका सरकारले किन गर्न सकेन् भन्दै प्रतिप्रश्न मन्त्री अर्यालको थियो । स्याङ्जा क्षेत्र नम्वर २ का मतदाता बलियो भएको भन्दै युगौ युग सम्म देशले सम्झनलायक काम गरेको छ मन्त्री अर्यालले भनिन्, 'यो क्षेत्रका मतदाता शक्तिशाली रहेछन् भन्ने प्रष्ट हुन्छ ।' चुनाबका बेला बोलेका प्रतिवद्धता यो सरकारले पुरा गरेको छ उनले भनिन् । स्याङ्जाको समग्र विकासमा सबै एकताबद्ध भएर लाग्नु पर्ने बताउदै मन्त्री अर्यालले तिनबर्षमा शिक्षा, स्वास्थ्य, खानेपानी र सडके योजनामा धेरै काम भएको जिकिर गरिन् ।

शिलन्यास कार्यक्रममा गण्डकी प्रदेश विद्यायन समितिका सभापति मोहोन रेग्मी, वालिङ नगर प्रमुख दिलिपप्रताप खाँण लगायतका बक्ताहरुले तिनै तहका सरकारका प्रतिनिधि मिलेर स्याङ्जाको समग्र विकासमा लाग्नुपर्ने धारणा व्यक्त गरेका थिए ।

यस आर्थिक बर्षमा ४० लाखको बजेट विनियोजन भई शुरु भएको कालोपत्रे सडक दर्शन कन्स्ट्रक्सन प्रालि वालिङ स्याङ्जाले जिम्मेवारी पाएको छ । कक्रिमरुपले निर्माण हुने सडक १ करोड ५० लाख ९३ हजार ८ सय ८७ रुपैयामा सम्पन्न हुने सडक डिभिजन पोखराले जनाएको छ ।

## 'अधिकार उपयोग गर्ने मूल गेटमा महिलालाई ताल्चा'

पोखरापत्र संवाददाता
पोखरा, ९ फागुन

राज्य प्रणालीबाट अधिकार उपयोग गर्ने मूलढोकामै ताल्चा लगाइएको गुनासो गरिएको छ । अधिकार प्राप्त गर्ने मूलढोका नै ताल्चा लगाएर महिलालाई आश्रित बनाइएको पीडा पनि पोखिएको छ ।

नेत्री डा विन्दा पाण्डे आमाका नामबाट नागरिकता दिने विषयमा राज्यबाट भएको विभेदप्रति असन्तोष व्यक्त गर्नुहुन्छ । "राज्यका हरेक निकाय शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक सुरक्षा हरेक क्षेत्रमा नागरिकता आवश्यक हुन्छ । नागरिकताविना केही हुँदैन तर त्यहीभित्र पस्ने मूल गेटमा ताल्चा लगाइएको छ । अब त्यसभित्रको अधिकार जे भए पनि महिलाले कसरी उपयोग गर्न सक्छन् ?" उहाँले भन्नुभयो । आमाका नामबाट नागरिकता दिने स्थानमा लैंङ्गिक संवेदनशीलता नबुझ्ने पुरुष मानसिकता मात्रै हावी हुँदा महिलाले पाइलापाइलामा विभेदको सामना गर्नुपरेको धारणा उहाँको छ । "नागरिकता पहिचान गर्ने अधिकार पुरुषमा हुनु र पुरुषको सहयोग लिनुपर्ने प्रावधानले महिलालाई सधैँ आश्रित रुपमा राखिएको छ", पूर्वसांसद डा पाण्डेले भन्नुभयो, "नागरिकतामा राज्यले विभेद गरेको र पैत्रिक सम्पत्ति, आर्थिक अधिकारमा घरदेखि नै जन्मदिने आमाबुबाबाटै विभेदको सामना गर्नुपरेको छ ।" पैत्रिक सम्पत्तिमा आफ्नै आमाबुबाले छोराछोरीमा समान सोच राख्न नसकेको जनाउँदै उहाँले बनेका कानूनका बारेमा पनि पर्याप्त प्रचारप्रसार हुन नसक्दा धेरै महिला आफ्नो अधिकारका बारेमा नै अनभिज्ञ रहेको बताउनुभयो ।

नेत्री विद्या भट्टराई प्रणाली परिवर्तन भए पनि प्रवृत्ति परिवर्तन हुन नसक्दा सामाजिक न्याय स्थापित हुन नसकेको बताउनुहुन्छ । "राज्यको सहयोग गर्ने प्रणाली भत्किएको छ तर नयाँ सहयोग गर्ने प्रणाली निर्माण हुन सकेको छैन, प्रणाली परिवर्तन भयो तर प्रवृत्ति उस्तै छ ।" उहाँले लोकतन्त्रका धेरै संरचना निर्माण गर्न बाँकी रहेकाले महिलाको एकीकृत शक्तिको खाँचो औँल्याउनुभयो ।

निवर्तमान सांसद भट्टराईले भन्नुभयो, "महिला विकासका लागि महिलाको साझा मुद्दा र समस्यामा सङ्गठित र एकीकृत आवाजको आवश्यकता हुन्छ, यसले चुनौतीमा जुध्ने शक्ति प्रदान गर्छ भने कानूनमा लेखिएका कुरालाई कार्यान्वयनमा जान सहयोग पुग्छ ।" नेत्री भट्टराईले महिलाको मर्यादा र सामाजिक मूल्यको व्याख्या यौनसँग जोड्नु नै तिनलाई कमजोर बनाउने हतियार भएको बताउनुभयो । उहाँले भन्नुभयो, "महिला यौनिकतामाथि प्रश्न गर्न नसक्ने हुनु नै मर्यादित हुनु हो भनेर चित्रित गरिँदा आज महिलालाई यौनिकता आधारमा आरोप लगाउने गलत संस्कारको विकास भएको छ ।" यौन महिलाको मातृशक्तिसँग जोडिएको शक्तिशाली पक्ष भए पनि तिनलाई कमजोर बनाउन चरित्रको अस्त्रका रुपबाट प्रहार गर्ने गरिएको उहाँको भनाइ छ । उहाँले महिलाले बाहिर आफ्नो भूमिका खोज्न थालेमा अनेक प्रश्न उठ्ने र विविध खालका दृष्टिकोणले हतोत्साहित गर्ने गरिएको बताउनुभयो ।

महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ) का अध्यक्ष पार्वती पाण्डेले पर्यटन क्षेत्रका महिलालाई सबल र सक्षम बनाउन विविध विषयको ज्ञान आवश्यक रहेको औँल्याउनुभयो । उहाँले महिलाले आफ्नो भूमिकाको खोजी गर्दा अनेक खालका विभेदको सामना गर्नुपरेको बताउनुभयो । ओटेफले शनिबार 'समृद्धि र लैंङ्गिक न्याय' विषयमा विचारगोष्ठी आयोजना गरेको पनि थियो ।

## प्रेस संगठनले तोक्यो जिम्मेवारी

रासस
काठमाडौँ, ९ फागुन

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को दाहाल नेपाल समूहको भ्रातृ सङ्गठन प्रेस सङ्गठन, नेपालको पदाधिकारी र प्रदेश कमिटी विस्तार गरिएको छ ।

गत पुस ६ मा सम्पन्न दोस्रो राष्ट्रिय भेलाको निर्देशनबमोजिम सङ्गठनको जिम्मेवारी हेरफेर गरिएको हो । सङ्गठनको संयोजकमा महेश्वर दाहाललाई जिम्मेवारी दिइएको छ भने सहसंयोजकमा विश्वमणि सुवेदी र विष्णु सापकोटा रहेका छन् । यस्तै महासचिवमा राजेश राईले जिम्मेवारी पाउँदा कार्यालय सदस्यहरूमा अमृतनाथ तिम्सिना, कमल गिरी, गङ्गा बराल, चमिना भट्टराई, देवराम यादव, ध्रुव बुढाथोकी, नरेन्द्र साउद, मनोज घर्तीमगर, मौसम रोकामगर, रामकुमार एलन, विवेक गौतम, सइन्द्र राई, सुरेशचन्द्र अधिकारी, सुरोजङ्ग पाण्डे, हेमकर्ण विक रहेका छन् ।

अनुशासन आयोगको संयोजकमा सन्तोष पौडेल र सहसंयोजकमा शिव ढुङ्गानालाई जिम्मेवारी दिइएको छ । लेखा आयोगमा संयोजक : भवानी कार्की र सहसंयोजकमा नरेन्द्र केसीलाई तोकिएको छ ।

त्यस्तै । गण्डकी प्रदेशको इन्चार्जमा हरिनारायण गौतम, सहइन्चार्जत्रयमा त्रिभुवन पौडेल, श्रीराम सिग्देल र माधव पनेरु रहेका छन् । यस्तै संयोजकमा अर्जुन काफ्ले र सहसंयोजकद्वयमा उर्मिला कुँवर र दीपक जलन तोकिँदा सचिवको जिम्मेवारी गणेश पौडेललाई दिइएको छ ।

## सबै संगठनलाई मिलाएर लैजाने दायित्व युनियनको काँधमा : सिग्देल

पोखरापत्र संवाददाता
पोखरा, ९ फागुन

नेपाल प्रेस युनियनका अध्यक्ष बद्री सिग्देलले नेपाल पत्रकार महासंघको आगामी निर्वाचनमा सबै संगठनलाई मिलाएर लिएर जाने बताएका छन् ।

नेपाल प्रेस युनियन कास्कीले नेपाल पत्रकार महासंघको आसन्न निर्वाचनका सन्दर्भमा पोखरामा आज आइतबार आयोजना गरेको छलफल कार्यक्रममा बोल्दै उनले महासंघलाई सबै पत्रकारको साझा संस्था बनाउने गरी नेतृत्व युनियनले लिने उद्घोषण गरे । नेकपानिकट पत्रकारका २ संगठनले सहकार्यका लागि युनियनसँग छुट्टाछुट्टै प्रस्ताव गरेको भए पनि उनले युनियनको भूमिका सबै पत्रकारलाई मिलाएर लैजाने पक्षमा रहेको हुँदा आगामी परिस्थितिअनुसार निर्णय लिइने बताए । प्रेस युनियनका उपाध्यक्ष रमेश पौडेलले संगठनप्रति बफादारसँगै क्रियाशील पत्रकारलाई संख्याले अगाडि बढाउने बताए ।




युनियनका महासचिव अजयबाबु शिवाकोटीले महासंघमा कसैबाट लिने गरी नभई आफूहरुले दिने गरी अन्य संगठनसँग सहकार्य गर्न सकिने बताए । उनले भने, 'सहमतिका नाममा नेतृत्व दिन सकिँदैन । १२ वर्षदेखि गुमेको महासंगको नेतृत्व लिन युनियन एकतामा लाग्नुपर्दछ ।' युनियन कोषाध्यक्ष सरोज अधिकारीले न्याय र विवेक प्रयोग गरी उम्मेदवार छनोट गर्न नेतृत्वलाई आग्रह गरे ।

युनियन कास्की अध्यक्ष नवीन सिग्देलले गठबन्धन नाममा संस्थालाई हित हुनुपर्ने बताए । उनले भने विगतको गठबन्धनको मूल्याङ्कन गर्दै अघि बढ्न नेतृत्वलाई आग्रह गरे । कार्यक्रमा केन्द्रीय सदस्य सरिता तिमिल्सिना पगेनी, दिलीप पौडेल, दिलीपाश्री अधिकारी, पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष एवं युनियन सल्लाहकार रवीन्द्र बास्तोला, पत्रकार महांघका पूर्व उपाध्यक्ष एवं युनियनका सल्लाहकार गंगाघर पराजुली, सल्लाहकार शिरोमणि बराल, तारा पाखे, डा बलराम उपाध्याय रेग्मी, पत्रकार महासंघ कास्की उपाध्यक्ष विमला भण्डारी, पत्रकार कमल पौडेल, हिमनिधि लौडारी, माधव रेग्मी, वासुदेव पौडेल, वेदनिधि तिमिल्सिना, काग्रेसका सञ्चार विभाग सदस्य कृष्ण थापा, युनियनका उपाध्यक्ष प्रकाशचन्द्र सापकोटा, जिल्ला सचिव प्रदीप पौडेल, पत्रकार उत्तम पौडेलले युनियनलाई एकताबद्ध बनाएर लौजान नेतृत्वलाई सुझाव दिए ।

भेलामा पत्रकार महासंघ कास्कीमा साधारणसमेत रहेका युनियन निकट १ सय जना पत्रकारको सहभागिता थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# गण्डकी अटोमेकानिकल वर्क्स एसोसियसनको अध्यक्षमा मिश्र

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ फागुन**

गण्डकी अटोमेकानिकल वर्क्स एसोसियसनको १३औं अधिवेशनले सन्तोष मिश्रको अध्यक्षतामा निर्विरोध कार्यसमिति चयन गरेको छ।

सो समितिको बरिष्ठ उपाध्यक्ष पुरुषोत्तम सुवेदी, उपाध्यक्ष कृष्ण बहादुर खाँण, महासचिव योगेन्द्र राज भण्डारी, सचिवमा विष्णुप्रसाद अधिकारी, कोषाध्यक्ष अजुन प्रसाद उप्रेती, सहकोषाध्यक्ष सोमबहादुर गुरुङ्ग चयन भएका छन् । सो समिति सदस्यहरुमा सन्तोष कुमार राउत कुर्मी, भीमप्रसाद पौडेल, निहाल अन्सारी, जीजीधन बैठा, नरेशकुमार कुर्मी, हिमाल तिमल्सिना, लिलाबहादुर सुनार, विजेन्द्र चौधरी, उपसमिति संयोजकहरुमा मुक्तिकुमार अर्याल, हुमराज भण्डारी, जयप्रकाश शर्मा, ताजउधीन खान रहेका छन् ।



सो साधारण सभाको उद्घाटन गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले व्यवसायलाई असर पर्ने बन्द हड्ताल विरुद्ध सबै व्यवसायी लाग्न पर्ने र अटोल्याण्ड निर्माणमा संघले सहयोग गर्ने बताए। अटोल्याण्ड छनौट समितिका संयोजक एवं पूर्व अध्यक्ष सनत कुमार भट्टराईले व्यवस्थित अटो व्यवसाय संचालनका लागि सरकार र स्थानीय निकायले वास्ता नगरेकोले चरणबद्ध आन्दोलन गरिने बताए।

महासंघका केन्द्रिय उपाध्यक्ष शुवर्णमान नकर्मीले व्यवसायीको एकताको लागी एशोसियसनले रचनात्मक कार्यक्रम गनुपर्ने वताए, महासंघका केन्द्रिय कोषाध्यक्ष कुल बहादुर नेपालीले व्यवसाय संचालनमा असहयोगका कारण व्यवसायी विस्थापित हुनुपर्ने अवस्था आएकोले सबै व्यवसायी एक हुनुपर्ने बताए।

निर्वाचित कार्यसमितिलाई वरिष्ठ अधिवक्ता, निर्वाचन संयोजक माधवराज वास्तोलाले पद तथा गोपनियताको सपथ सहित पदास्थापना गराएका थिए । एशोसियसनका अध्यक्ष सानुमान जलारीको सभापतित्वमा भएको कार्यक्रममा प्रेस सल्लाहकार कृष्ण थापा, उपाध्यक्ष सन्तोष मिश्र, नेपाल रेडक्रस सोसाइटीका प्रदेश अध्यक्ष सुर्यप्रसाद ढकाल, मानव अधिकार शान्ति समाजका अध्यक्ष अमृत शुवर्णकार, ताल नगरी साप्ताहिकका सम्पादक सुर्य सिकारु, धनुष वचत सहकारी का उपाध्यक्ष प्रदिप भुजेल, ट्र्युव टायर एशोसियसनका अध्यक्ष चन्द्रेश्वर बस्ताकोटी लगायतले आ-आफ्नो धारणा राखेका थिए।

विशिष्ठ जेष्ठता सदस्यको रुपमा निल बहादुर चौहान, श्याम बहादुर भण्डारी, कार्यालय प्रमुख पार्वती बराल लगायतलाई सम्मान गरिएको थियो।

कार्यक्रममा महासचिव पुरुषोत्तम सुवेदी कोषाध्यक्ष रत्न बहादुर थापाद्वारा प्रस्तुत प्रतिवेदनलाई पारित गरिएको थियो।

# लायन्स सेन्टेनियलद्वारा कालिका माविलाई ३ वर्षका लागि निशुल्क इन्टरनेट सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ फागुन**

पोखरा महानगरपालिका वडा नं. २४ मा अवस्थित कालिका माध्यमिक विद्यालयमा अभाव भैरहेको इन्टरनेट सुविधालाई लायन्स क्लव अफ पोखरा सेन्टेनियलले पुरा गरिदिएको छ।

विद्यालयको एक कार्यक्रम बिच सेन्टेनियलले ६० हजार रुपैंया बराबरको ३ वर्षका लागि द्रुत गतिको ईन्टरनेट विद्यालयलाई सहयोग गर्ने घोषणा गरेको हो । कार्यक्रममा लायन्स क्लव पोखरा सेन्टेनियलका अध्यक्ष प्रज्ञात कायस्थले विद्यालयको अन्य अभावलाई पनि क्लवले पुरा गर्दै जाने प्रतिवद्धता व्यक्त गरे । अभाव तथा आवश्यकता भएका स्थानमा क्लवले निरन्तर सहयोग गरिरहेको उनको भनाई थियो । यसरी नै क्लवले इन्टरनेटको अभाव भएका अन्य ४, ५ वटा विद्यालयलाई तत्कालै सहयोग गर्ने योजना



रहेको समेत कायस्थले बताए । कालिका माध्यमिक विद्यालयका प्रधानाध्यापक इश्वरीप्रसाद बास्ताकोटीले समाज डिजिटल प्रविधिमा गइसकेकाले विद्यालयको अभावलाई पुरा गरिदिएकोमा धन्यवाद व्यक्त गरे । यसले विद्यार्थीको पढाइमा सकारात्मक असर पर्ने उनको भनाई थियो । अव विद्यालयमा शिक्षक तथा कर्मचारीका लागि इ-एटेन्डेन्सको खाँचो रहेको प्रधानाध्यापक बास्ताकोटीले बताए । कार्यक्रममा विद्यालयले दोसल्लो ओढाएर ७ जना व्यक्तिलाई सम्मान समेत गरेको छ। सम्मान हुनेमा प्रज्ञात कायस्थ, महेश श्रेष्ठ, साजन सुवेदी, पुष्पा गुरुङ, बिबेक श्रेष्ठ, सुरज श्रेष्ठ, कुशल थापा रहेका छन्।

विद्यालयसम्म सहयोगको वातावरण युवा नेता साजन सुवेदीले गरेका थिए । सुवेदी सोही विद्यालयका पूर्व विद्यार्थी हुन् । लायन्स क्लव अफ पोखरा सेन्टेनियलले स्वास्थ्य शिविर, राहत वितरण, रक्तदानलगाएत सामाजिक कार्यमा अग्रसर रहिरहेको क्लबका पूर्व अध्यक्ष महेश श्रेष्ठले जानकारी दिए।

# मुख्यमन्त्री कप विजेतालाई सम्मान

**पोखरापत्र संवाददाता**
**तनहुँ , ९ फागुन**

पोखरामा सम्पन्न मुख्यमन्त्री कप गण्डकी प्रदेशस्तरीय भलिबल प्रतियोगितामा पुरुषतर्फ प्रथम र महिलातर्फ तृतीय भएको तनहुँको टोलीलाई गृह जिल्लामा आज स्वागतसहित बजार परिक्रमा गराइएको छ।



पोखरा रङ्गशालास्थित भलिबल कोर्टमा शनिबार सम्पन्न खेलमा पुरुषतर्फ प्रथम र महिलातर्फ तृतीय भएको टोलीलाई जिल्ला भलिबल सङ्घ तनहुँले दमौलीमा स्वागत एवं सम्मान गर्दै बजार परिक्रमा गराएको हो। पञ्चेबाजासहित दमौलीस्थित अनसनचोक, सफासडक, गणेशमानचोक, मालपोत लाइनमा खेलाडीलाई परिक्रमा गराइएको छ । खेलाडीलाई सम्मान व्यक्त गर्दै जिल्ला खेलकूद विकास समिति तनहुँका निवर्तमान अध्यक्ष ऋषिराम भुसालले मुख्यमन्त्री कप भलिबल प्रतियोगिता जितेर खेलाडीले तनहुँको मान र सम्मान बढाएको बताउनुभयो । जहिले पनि कास्की र स्याङ्जाको दबदबा रहने भलिबलको इतिहास यसपटक तनहुँले तोडेको बताउँदै भुसालले भन्नुभयो, "यो इतिहास रच्ने सफलता सदैव मिलोस् ।"

जिल्ला भलिबल सङ्घका अध्यक्ष पदम सुनार र सचिव अशोक गिरीले खेलाडीको उत्कृष्ट प्रदर्शनले सफलता हासिल भएको भन्दै खेलाडीलाई बधाई ज्ञापन गरे । पुरुषतर्फ प्रतिस्पर्धात्मक खेलमा तनहुँ जिल्लाले स्याङ्जालाई ३-२ को सेटमा हराउँदै उपाधिसहित रु दुई लाख पुरस्कार प्राप्त गरेको थियो। महिलातर्फ तनहुँले कास्कीलाई ३-१ को सेटमा हराउँदै तृतीय भएको थियो। तृतीय हुने टोलीले रु ५० हजार पुरस्कार प्राप्त गरेको छ।

पुरुषतर्फ तनहुँका मिलनचन्द ठकुरीले उत्कृष्ट खेलाडीको उपाधि प्राप्त गरे । महिलातर्फ उत्कृष्ट स्पाइकर तनहुँका उषा भण्डारी, पुरुषतर्फ उत्कृष्ट स्पाइकरमा तनहुँका अशोक श्रेष्ठ, सेटरमा तनहुँका विवस आले र प्रशिक्षकमा तनहुँका पदम सुनार घोषित हुनु भई जनही रु पाँच हजारका दरले पुरस्कार प्राप्त गरे।

# कास्की जिल्ला बुद्धिचाल प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ फागुन**

कास्की जिल्ला बुद्धिचाल संघको आयोजनामा मिति २०७७ फाल्गुन ७ देखि ९ सम्म ११ औं कास्की जिल्ला खुल्ला बुद्धिचाल प्रतियोगिता पोखरामा सम्पन्न भएको छ। यस प्रतियोगितामा भेट्रान, रेटिङ, र नन-रेटिङ का ३० खेलाडीहरुले सहभागिता जनाएका थिए। समापन कार्यक्रममा नेपाल बुद्धिचाल संघका केन्द्रिय सदस्य बाबुराम पन्तको प्रमुख अथिती रहेको थियो।




समापन कार्यक्रममा बोल्दै प्रमुख अतिथि पन्तले पुरा जिल्लामा चेस खेलको विकास गर्न बिद्यालय तह देखि नै लाग्नु पर्ने बताए। स्विस मेनेजर बिधिको आधारमा मा ७ चरणको खेल सम्पन्न भएको निर्णयक मण्डलको आर्बिटर नरेन्द्र रानाभाटले बताए।विकास, अनुशासन र गतिशीलताको मुल नारा राखी सञ्चालन भएको यस प्रतियोगितामा क्रमशः पहिलो देखी दसौंसम्मका उत्कृष्ट खेलाडीहरु ट्रफी, मेडल, रकम राशी र प्रमाणपत्र बाट सम्मानित भएका छन्। प्रतियोगितामा राजन पहाडी उपाधी चुम्दै नयाँ कास्की च्याम्पियन बनेका छन्। बुद्धिराज शर्मा र बिनोद नाम्ली भने पहिलो र दोस्रो स्थान हासिल गर्न सफल भए । त्यसैगरी अनिल बहादुर कोइराला, हुमराज गुरुङ, राम बहादुर क्षत्री, युवराज भण्डारी, आशिष घिमिरे, गोविन्द बराल, सन्दिप अधिकारी क्रमशः चौथो देखि दसौं सम्म हुन सफल भएका छन ् । शुक्रकुमार प्रधानको अध्यक्षतामा सम्पन्न भएको यस प्रतियोगिताको समापन कार्यक्रमको संचालन संघका सचिव युवराज भण्डारीले गरेका थिए।

# प्रदेश सरकारविरुद्ध मतदान हुन्छ : नेता सिटौला

**रासस**
**काठमाडौं , ९ फागुन**

नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले पार्टीले प्रदेश सरकारविरुद्ध ल्याइएको अविश्वासको पक्षमा मतदान गर्ने बताए।

नेपाल प्रेस युनियन मोरङद्वारा आइतबार आयोजित पत्रकार सम्मेलनमा उनले यस सम्बन्धमा नेका प्रदेश संसदीय दलले निर्णय गरी अविश्वासको पक्षमा मतदान गर्ने प्रस्ट पारे । नेता सिटौलाले संसद् विघटन गलत रहेको पार्टीको निर्णय स्पष्ट छ भन्दै यसका विरुद्ध देशव्यापीरूपमा आन्दोलन र विरोधका कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिए।

उनले संविधानबाट निर्माण भएको सर्वोच्च अदालतले यसको रक्षा गर्ने विश्वास व्यक्त गर्दै यस सम्बन्धी विकल्प नदिने आशा व्यक्त गरे । उनले संसद् विघटनले वैधानिकता पाएमा क्रमिकरूपमा व्यवस्था समाप्त हुँदै जाने आशङ्का व्यक्त गरे।

पूर्वमन्त्री सिटौलाले सर्वोच्चको फैसलापछि संघीय सरकार गठनका सम्बन्धमा निर्णय हुने बताए।

# प्रतिनिधिसभा पुन:स्थापना हुनुपर्छ : नेता पौडेल


**रासस**
**काठमाडौं, ९ फागुन**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले प्रतिनिधिसभाको पुनःस्थापना हुनुपर्ने बताएका छन् ।

नेपाल प्रेस युनियन सप्तरीले आइतबार राजविराजमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले देशलाई दुर्घटना हुनबाट जोगाउन प्रतिनिधिसभा तत्काल पुनःस्थापना हुनुपर्नेमा जोड दिए।

मधेश यात्रामा निस्किनुभएका नेता पौडेलले विघटन गरिएको प्रतिनिधिसभाको विरोधमा कांग्रेसले पनि आन्दोलन गरिरहेको बताउँदै लोकतन्त्र र गणतन्त्र रक्षा गर्नका लागि प्रतिनिधिसभा पुनःस्थापना जरुरी रहेको दाबी गरे। प्रतिनिधिसभा विघटनबारे संविधानको धारामा रहेर नै अदालतले फैसल गर्ने उहाँको विश्वास छ । "प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दामा अदालतले विचार गरिइरहेकाले कांग्रेसले अहिले ठूलो आन्दोलन नगरेको हो । भ्रममा नरहँदा हुन्छ", उहाँले भन्नुभयो, "संविधानमा जे छ अदालतले पनि त्यही गर्छ, जतिसुकै सेटिङ गरे पनि अदालतले संविधानबाहिर गएर फैसला गर्न सक्दैन।"




कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५३२५०८, ०६१-५२०६५१, ०६१-५३७८५७, E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

सम्पादकीय

# पालैपालो भारत भ्रमण

नेपालको कार्यकारी प्रमुख रहिसकेका र हुन तयार भएका पूर्व प्रधानमन्त्रीहरु पालैपालो भारत भ्रमण गरेका छन।प्रतिनिधि सभा विघटन पछि विघटनको विरोध गर्ने पूर्व प्रधानमन्त्रीहरु भारत भ्रमणको निहुँ उपचार बनाएका छन । आइतबार पूर्व प्रधानमन्त्री एवं जसपा संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराई उपचारका लागि भन्दै दिल्ली गएका छन् । प्रतिनिधि सभा विघटन भएको १५ दिनपछि गत पुस २० गते पत्नी सीता दाहालको उपचारका लागि नेकपा प्रचण्ड नेपाल समूहका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ भारत भ्रमणमा गएका थिए ।माओवादीले दस वर्ष जनयुद्ध गर्दा दाहाल र भट्टराई धेरै समय भारतमा बसेका थिए।संसदवादी दल र माओवादी बीच बाह्रबुँदे सहमति पनि भारतमा भएको थियो ।

प्रतिनिधि सभा विघटन भएपछि पछिल्लो ४८ दिनमा नेपालका तीन पूर्व प्रधानमन्त्री उपचारका लागि भन्दै भारत गएका छन । प्रतिनिधि सभा विघटनको विरोधमा आँधी बेहेरी ल्याउने उद्घोष प्रचण्डको भारत भ्रमण पछि भएको थियो । प्रचण्ड पार्किन्सनको बिरामी रहेकी सीताको उपचार मुम्बइको न्युरोजेन ब्रेन यान्ड स्पाइन इन्स्टिच्युटमा गरिएको थियो । पत्नीको उपचारका लागि भारत गएपनि उनले त्यहाँ राजनीतिक घेटघाट गर्ने आशंका काठमाडौंमा भयो । केपी ओलीपक्षीय नेकपा केन्द्रीय सदस्य एवं पूर्वमन्त्री गोकुल बाँस्कोटाले पुस २३ गते सामाजिक सञ्जाल ट्विटरमार्फत नै आशंका जनाए। ‘पुष्पकमल दाहालकी धर्मपत्नी सीता दाहालको उपचार सफल होस्, शुभकामना ! तर कसैको मन्त्रणामा देशविरुद्ध तानाबाना बुन्ने काम गरेर दाहाल फर्के भने राजनीतिक शक्ति संघर्षले कष्टकर बाटो समाउने निश्चित छ,’ बाँस्कोटाले ट्विटरमा लेखेका थिए । सीतालाई अस्पतालमा छाडेर अध्यक्ष प्रचण्ड स्वदेश फर्किए । उनी पुसको २४ गते दिल्लीमा बसे । प्रचण्डले दिल्लीमा कुनै भेटघाट गरेको औपचारिक कुरा भने बाहिर आएन ।

प्रतिनिधि सभा विघटनविरुद्ध आन्दोलनरत नेकपा (प्रचण्ड नेपाल) समूहका वरिष्ठ नेता झलनाथ खनाल माघ ३० गते नयाँ दिल्ली गए । दिल्ली पुगेकै दिन १२ फेब्रुअरीमा भारतका लागि नेपाली राजदूत नीलाम्बर आचार्यले खनाल अस्पताल भर्ना भएको तस्वीर सार्वजनिक गरे । फागुन ८ गते शनिवार खनाल स्वदेश फर्किए । खनाल स्वदेश फर्किएको भोलिपल्ट पूर्व प्रधानमन्त्री एवं जसपाका नेता डा. बाबुराम भट्टराई उपचारका लागि दिल्ली गएका छन् ।

भट्टराईको इन्स्टिच्युट अफ लिभर एण्ड बिलिअरी साइन्सेसमा उनको उपचार हुनेछ । उपचारका लागि दिल्लीमा रहँदा भट्टराई नेपाली दूतावासको अतिथि गृहमा बस्ने जनाएका छन । भारतसंग राम्रो सम्बन्ध बनाएका भट्टराईको भ्रमण रोगको परिक्षण र उपचारमा मात्रै सिमित रहन्छ भन्नेमा धेरैको आशंका छाप्रचण्डले प्रतिनिधि सभा विघटन विरुद्ध भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको समर्थन खोजेका छन ।देशको आन्तरिक मुद्दामा विदेशीको समर्थन खोज्नु र भारत भ्रमण पालैपालो जानुमा अन्य कारण छैन भनेर पत्याउने अवस्था छैन ।नेताहरूको विगत र उनिहरुका अभिब्यक्तिले आशंका गर्ने ठाउँ दिएका हुन ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : झमेला बड्ने |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारिरीक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : मानसिक तनाब | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : आर्थिक समस्या | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।





# पर्यटनमा अर्गानिकका अभियन्ता

संस्कृति र प्रकृतिले भरिपूर्ण पोखरा, पर्यटकको रोजाईको प्रमुख गन्तब्य पनि हो । फुड टुरिजमले समग्र पर्यटन व्यवसायमा नै अहम् भुमिका खेल्ने गर्दछ । पोखरामै रहेर विगत लामो समयदेखि पोखेली पर्यटन क्षेत्रमा अर्गानिक खानाको सफल प्रयोग गर्दै एक अर्गानिक अभियन्ताको छाप छोड्न सफल, लेकसाइडस्थित ए एम पिएम अर्गानिक क्याफेका सञ्चालक डेविड सिंहसँग पोखरापत्र दैनिकका दीपेन्द्र पहारीले गर्नुभएको कुराकानीको सार :



**डेविड सिंह**
**युवा पर्यटन व्यवसायी**

**▶▶तपाईंको अर्गानिक यात्रा कहाँ र कहिले बाट सुरु भयो ?**

सन ८० को दशकबाट नै पारिवारिक व्यवसायको रुपमा हामीले पोखरामा उत्पादित स्थानिय अर्गानिक फलफुलहरुको बजारीकरणको शुरुवात गरेका थियौं । सन् १९९८ बाट भने म स्वयं अर्गानिक क्याफे व्यवसाय मार्फत अर्गानिक यात्रामा लागे । रेडीमेड कफि चल्तीमा हुदाँ पोखरामै अर्गानिक कफि पस्कन शुरु गर्यो । त्यसपछि भने अन्य अर्गानिक परिकार पनि मेनुमा थप्दै लग्यौं ।

**▶▶सामान्य कफि र अर्गानिक कफिमा के फरक थियो ?**

एक त स्वाद र स्वास्थको हिसाबले पर्यटक पनि अर्गानिक कफिको खोजीमा थिए र हाम्रो क्याफेमा आउन थाले । अर्को कुरा, स्थानीय रुपमै उत्पादित कफिलाई सपोर्ट पनि हुँदै गयो ।

**▶▶विशेष कुन देशका पर्यटकले अर्गानिक स्वाद मन पराउछन् ?**

हुन त अहिले सबै देशका पर्यटकले अर्गानिक स्वाद मन पराएता पनि विशेष अमेरिकन र यूरोपियन हाई क्लासका पर्यटकको रोजाईमा अर्गानिक स्वाद पर्दछ ।

**▶▶तपाईंको सफलताको पछाडि त्यस्तो के रहस्य छ ?**

हामी भेजीटेरियन फुडलाई प्राथमिकता दिन्छौ । त्यसमा पनि प्राकृतिक र मेडिसिनल विशेषताका अर्गानिक परिकार नै हाम्रो विशेषता हो । जस्तै, हामी सिस्नोलाई स्मूथीको रुपमा पेश गर्छौं जुन स्वाद र स्वास्थ्यको हिसाबले अत्यन्त लाभदायक हुन्छ ।

**▶▶तपाईंको विदेश भ्रमणको अनुभवमा तात्विक रुपमा कस्ता खाना प्रचलनमा छ ?**

विदेशमा हाल दुई किसिमका खाना प्रचलनमा छन् । फास्ट फुड र अर्गानिक फुड । फास्ट फुड कम आम्दानी भएकाले खान्छन् । फास्ट फुड स्वादिष्ट भएता पनि स्वास्थ्यको हिसाबले अर्गानिक फुड नै रोजाइमा पर्छ । अर्गानिक फुड भने मिडल र हाई क्लासका विदेशीले खान्छन् जुन स्वाद र स्वास्थ्यको दृष्टिकोणले उच्च तहको हुन्छ ।

**▶▶खानाको अलावा अरु कुन अर्गानिक वस्तु प्रयोगमा छ ?**

आजकल अर्गानिक कटन, सिल्क र सिस्नोको लुगाहरु अर्गानिक वस्तुको रुपमा प्रयोगमा छन् ।

**▶▶पोखराको लेकसाइडमा अर्गानिक उत्पादन कसरी प्रस्तुत हुनुपर्छ जस्तो लाग्छ ?**

अबका दिनमा परिकार मात्र अर्गानिक नभएर हामीले रेस्टुरामा प्रयोग हुने सामान पनि रीसाईकल्ड टाईपको हुनुपर्छ । जस्तो, कप, प्लेट आदि नै किन नहोस् । हामीले व्यवसायीक हिसाबले पोखरामा नै पहिलो चोटी मिनरल वाटर रीफिलिङ गर्ने सुविधाको शुरुवात गरेका थियौं, जसले प्लास्टिकका बोटल बिस्थापन गर्न निक्कै सहयोग पुगेको थियो । पर्यटकले एकैदिन सयौं लिटर मिनरल वाटर समेत रीफल गरेको हामीलाई सम्झना छ । साथै, लेकसाइडलाई नै प्लास्टिक फ्री जोनको रुपमा विकास गर्दै जानुपर्छ । यसरी अर्गानिक खानासँगै पर्यावरण जोगाउन समेत मद्दत पुग्न जान्छ ।

**▶▶खाना र जीवन बिच कस्तो सम्बन्ध छ ?**

हामीले जे खान्छौ, त्यस्तै सोच्छौ र व्यवहार गर्छौं । त्यसैले स्वस्थ खानाले स्वस्थ विचार जन्माउँछ र जीवन नै सुन्दर बनाउँछ ।

**▶▶तपाईंको पर्यटकीय यात्राको कुनै रोचक घटना बताइदिनोस न ?**

सन् २००३ को कुरा हो । म ईन्डियाको मनाली घुम्न जाँदा एक ब्रिटिश पर्यटक जेफ स्टोनले, हाइकीङ टु स्तुप एण्ड क्लीन अप क्याम्पैनको अवधारणा प्रस्ताव गर्नुभयो । त्यसपछि हामी सबैले सोही हाइकीङ आयोजना गरेर बाटोमा भेटिएका सबै फोहोर उठाई सफा बनायौ ।

**▶▶पर्यटन क्षेत्रमा कुन कुरा सुधारको अपेक्षा राख्नुहुन्छ ?**

हामीसँग प्रकृति, संस्कृति र पुर्वाधार पर्याप्त भएतापनि त्यसलाई प्रस्तुत गर्ने प्रोफेसेनल शैलीको खाँचो छ । त्यसमा सुधार गर्न सके पर्यटन क्षेत्रमा अझै धेरै सुधार गर्न सकिन्छ । अनी अर्को कुरा, व्यवसाय गर्दा क्षणिक लाभलाई मात्र नहेरी दिगो पर्यटन विकास तर्फ हामी सबैले जोड दिनुपर्छ, जसले आगामी पुस्तालाई समेत हामीले धेरै कुरा सुधारिएको हिसाबले सुम्पन सकौं ।

# कृषिमा रमाउँदै स्याङ्जाका युवा

–हिमलाल पराजुली
स्याङ्जा, ९ फागुन

केही समय पहिला युवाको रोजाइमा नपरेको कृषि पेशामा अहिले विस्तारै युवाहरू आकर्षित हुन थालेका छन् । एक समय कृषि पेशा भन्नेबित्तिकै नाक खुम्च्याउने युवापङ्क्ति अहिले भने यो पेशाप्रति आकर्षित हुन थालेका छन् ।

नेपालका युवाको रोजाइमा पर्ने गरेको वैदेशिक रोजगारीलाई कोरोना महामारीले समस्यामा पारेपछि नेपाली युवा विकल्पका रुपमा कृषि पेशामा आउन चाहेका हुन् । कृषि पेशा भन्नासाथ समाजलेसमेत दुःखी पेशा मान्ने गरेकामा यसको व्यावसायिकतासँगै युवापुस्ता यसतर्फ आकर्षित बनेको हो । कोरोना भाइरसका कारण वैदेशिक रोजगारीमा गएका धेरै युवाले रोजगारी गुमाएपछि उनीहरूमा आफ्नै देशमा केही गर्नुपर्छ भन्ने सोच पलाएको हो ।

वैदेशिक रोजगारीमा गएका साथै कतिपय अन्य पेशा अँगालेका युवाले पनि आफ्नो पुरानो पेशासँगै कृषिलाई सँगसँगै लैजान थालेका छन् । तीमध्येमा एक युवा दीपक भट्टराई सङ्गीतका साथमा कृषि पेशामा रमाउनुभएको छ । झण्डै तीन दर्जन गीत गाइसकेका कालीगण्डकी गाउँपालिका- ७ मिर्मीका भट्टराई यतिखेर व्यावसायिक कृषिलाई पनि सँगै लैजानुभएको छ ।

“शुरुआत आफैँबाट गरौँ, परिवर्तन सम्भव छ”, भन्ने सोचका साथ लागेर आफू व्यावसायिक कृषिमा लागेको भट्टराईको भनाइ छ । कृषि पेशामा लाग्दा एउटा कलाकारले के गर्ला र भन्ने गरेको सम्झँदै दीपकले अहिले आफ्नो काम देखेर सबै दङ्ग पर्ने गरेको बताउनुभयो । गीत गाउँदै हिँड्ने मान्छे कृषिमा लागेर के गर्नसक्ला भन्ने पनि अहिले उहाँले बाख्रा र कुखुरा पालेर सफल भएपछि प्रशंसा गर्न थालेका छन् । एघार वर्ष गीतसङ्गीतमा बिताउनुभएका दीपक अहिले आफ्नै गाउँ मिर्मी फाँटमा कलाकार आधुनिक कृषि तथा पशुपालन फर्म सञ्चालन गरेर उदाहरणीय बन्नुभएको छ । उहाँको फर्ममा चौबीसै घण्टा लोकदोहोरीका धुन गुञ्जिरहेका हुन्छन् ।फर्ममा पुग्ने जोसुकैलाई पनि सङ्गीतको धुनसँगै बाख्रा, स्थानीय जातको कुखुरा र टर्कीसँगै खेलिरहेका भट्टराईको सक्रियताले लोभ्याउने गरेको छ । घरमा भएका दुईवटा माउ बाख्राबाट व्यवसायको थालनी गर्नुभएका भट्टराईको फर्ममा अहिले १५ वटा माउ बाख्रा छन् भने पाठापाठीसहित ५० वटा पुगेका छन् । स्थानीय खरी बाख्रालाई जमुनापारीको बीउ बोका लगाएर व्यवसायको विस्तार गर्नुभएका दीपकले भन्नुभयो, “अहिले बोयर बोका ल्याएको छु, यसले व्यवसायमा थप सफलता मिल्ने विश्वास बढेको छ ।” व्यवसायलाई थप व्यवस्थित गर्न गाउँपालिकाले गरेको सहयोगबाट झनै हौसला मिलेको उहाँले बताउनुभयो । पैसा कमाउन विदेश जाने सोच आफूमा नरहेको र आफ्नै गाउँठाउँमा केही गर्छु भनेर कृषि कर्ममा लागेकोले आफूले गरेको परिश्रमअनुसारको प्रतिफल पाएको भट्टराई बताउनुहुन्छ । उत्पादन गर्नसके बजारको समस्या नभएकोले घरपरिवार चलाउनकै लागि वैदेशिक रोजगारीमा जानुभन्दा आफ्नै गाउँघरमा परिवारसँगै बसेर काम गर्नु धेरै राम्रो हुने उहाँको अनुभव छ । केही समय अगाडि नपढेका, अरु केही काम नजान्ने र नगर्नेले गीत गाउने हो भन्ने समाजको बुझाई थियो तर बिस्तारै चेतनाको विकास र गीतसङ्गीतको महत्व बढेपछि बल्ल सम्मान गर्न थालियो भने कृषिमा पनि त्यस्तै रहेको दीपकको बुझाइ छ । आधुनिक प्रविधिको प्रयोग गरेर काम गर्ने हो भने कृषि पेशामा भविष्य रहेको दीपक बताउनुहुन्छ । आफूले फर्म सञ्चालन गरेसँगै गाउँका अन्य युवा पनि कृषिमा आकर्षित बन्दा आफूलाई निकै खुशी लागेको दीपक बताउनुहुन्छ । गाउँपालिकाले बीउ तथा बिरुवा उपलब्ध गराएर किसानहरूलाई कृषि पेशामा लाग्न प्रोत्साहान गरेकाले पनि आफूले यो पेशामा नै भविष्य देखेर यसैमा लागेको उहाँले बताउनुभयो । बाख्रा तथा कुखुराबाट महिनामा रु एक लाखसम्म आम्दानी गर्ने लक्ष्य लिनुभएका दीपकले अब बङ्गुरसमेत थपेर व्यवसायलाई थप विस्तार गर्ने योजना रहेको सुनाउनुभयो । आफूले व्यवसाय शुरु गरे पछि छिमेकीमा पनि गरे हुँदो रहेछ भन्ने प्रभाव परेको र अहिले एउटा माउ पाल्नेले दुई वटा र दुई वटा पाल्नेले चार वटा पाल्न थालेकाले पनि आफूले गर्दै आएको पेशाले आफूलाई मात्रै नभएर समाजलाई नै हौसला प्रदान गरेकाले खुशी गालेको दीपकले बताउनुभयो । दुई वर्षअघि तरकारी खेतीबाट कृषि कर्ममा लाग्नुभएका दीपकले असिना र मौसम प्रतिकुलताका कारण शुरुवाती चरणमै घाटा खानुपर्‍यो । “तरकारीबाट उत्पादन लिन नसकेपछि छिमेकीले अब यसले गर्दैन, फेरि माइक समातेर गीत गाउन जान्छ भन्न थाले”, उहाँले भन्नुभयो, “तर कृषिमा धेरै अवसर देखेर लागेकोले यो पेशालाई छाड्न सकिन अनि बाख्रा र कुखुरापालन गर्ने अठोट गरेर अहिले यसमै निरन्तर लागिरहेको छु, यसबाटै आफ्नो भविष्य उज्वल बनाउँछु ।”

‘राम्रो जागीर नेपालमै पाए केलाई जान्थे साउदी कतार थन्काइदिन्थे पास्पोर्ट, नसकिने रैछ झ्याप्पै ज्यान फाल्नलाई जीउन पनि साह्रै गाह्रो भो, सम्झनालाई औँठी साटौँला, नराम्रोनी राम्रै मानियो’ बोलका लोक दोहोरी गीत गाएका दीपकले दुई वर्ष पहिले पाँच हजारबाट शुरु गरेको व्यावसायमा अहिले करीब १२ लाख लगानी पुगेको बताउनुभयो । बाख्रा, टर्की र स्थानीय जातका कुखुरा पाल्नुभएका दीपकले महिनाको महिनाको ४०/४५ हजार कमाउनका लागि विदेशिनु नपर्ने बताउनुभयो ।

यसैगरी काठमाडौँमा बसेर सङ्गीतिक क्षेत्रमा काम गर्दै आउनुभएका गल्याङ नगरपालिका वडा नं ९ गेजाका कुसुम भण्डारी गाउँ फर्किएर दुई वर्षदेखि केरा खेती गर्दै आउनुभएको छ । घर नजिकै तीन रोपनी जमीनमा ३०० केराका बिरुवा लगाएको र प्रतिबोटबाट रु एक हजारका दरले वर्षमा केराखेतीबाट वार्षिक रु तीन लाख रुपैयाँ आम्दानी गर्दै आएको भण्डारीले बताउनुभयो । तीन रोपनी जमीनमा लगाएको केरा खेतीलाई विस्तार गरेर पाँच रोपनीमा केरा खेती गर्ने योजना रहेको सुनाउँदै भण्डारीले समग्र गेजालाई केरा गाउँका रुपमा चिनाउने उद्देश्यअनुसार गाउँभरि केरा खेतीको विस्तार गर्न लागिएको बताउनुभयो । लगाएको एक वर्षभित्रमा केराले उत्पादन दिने र सिँचाइको अभाव भएको ठाउँमा रिपियान भएको पाखोमा लगाउन सकिने भएकोले गाउँघरका बाँझो पाखो बारीलाई सदुपयोग गरेर केरा खेती गरेको खण्डमा राम्रो आम्दानी लिन सकिने कुसुम बताउनुहुन्छ । गाउँघरमा बसेर केरा खेती गर्दै आउनुभएका कुसुमले गाउँमै कीर्तन समूहको निर्माण गरेर बेला मौकामा गाउँघरमा हुने पूजाआजामा आफ्नो समूहले भजन गाउने गरेको बताउनुभयो । गाउँमा त्यसै खेरा गएको पाखो बारीको सदुपयोग गरेर आयआर्जनको बृद्धिसँगै परम्परा र संस्कृतिकोसंरक्षणगर्नेयोजनाअनुसार कीर्तन समूहसमेत निर्माण गरेर काम गर्दै आएको भण्डारीले बताउनुभयो । बाह्र वर्ष खाडी मुलुकमा बिताएर स्वदेश फर्किएका थमन गुरुङ अहिले कुखुरापालनमा रमाउनुभएको छ । अर्जुनचौपारी गाउँपालिका रापाकोटका थमन गुरुङले संयुक्त अरब इमिरेट्स र मलेसियागरी बाह्र वर्ष वैदेशिक रोजगारीमा विताए पनि स्वदेश फर्किएपछि हरियाली पोल्ट्री फर्म सञ्चालन गरेर अहिले यसमै रमाउनुभएको छ । अर्जुनचौपारी- ३ रापाकोट स्थायी घर भएका थमन गुरुङ अहिले वालिङलाई कर्मथलो बनाएर यो व्यवसायीका रुपमा काम गरिरहनुभएको छ । गएको असारदेखि कुखुरापालन व्यावसाय शुरु गर्नुभएका थमनको फर्ममा अहिले दुइ हजार २०० ब्रोइलर कुखुरा छन् । कोरोना महामारीले गर्दा देशमा बन्दाबन्दी भएपछि केही त गर्नुपर्‍यो भनेर थमनले कुखुरापालन रोज्नुभएको हो । रोजगारीको अबको विकल्प भनेको कृषि र त्यसमा पनि थोरै लगानीबाट गर्न सकिने र आम्दानी पनि छिटो हुने भएकाले यो व्यवसाय गर्न थालेको थमनले बताउनुभयो । कुखुरापालनसम्बन्धी कुनै पनि तालिम नलिए पनि थमनले साथीहरूको सल्लाह र युट्युव लगायतका सामाजिक सञ्जालको सहायतामा व्यवसायको थालनी गर्नुभएको हो । वार्षिक रु ८४ हजारमा पाँच रोपनी जग्गा भाडामा लिएर व्यवसाय शुरु गर्नुभएका गुरुङले अब खोरको विस्तार गर्नुका साथै कुखुरासँगै टर्की पनि पाल्ने योजना रहेको बताउनुभयो । वास्तविक किसानले अझैपनि अनुदान पाउन नसकेको र व्यावसायिक किसानहरूको निष्पक्ष अनुगमन गरेर कामको आधारमा अनुदान दिनसके कृषिमा धेरै प्रगति हुने गुरुङ बताउनुहुन्छ ।

नेपालमा कृषिको क्षेत्रमा लाग्ने युवाको भविष्य राम्रो रहेको बताउदै थमनले विदेश जान लगानी गर्ने पैसा कृषि क्षेत्रमा लगानी गर्न आग्रह गर्नुभयो । थमनले भन्नुभयो, “युवा साथीहरू विदेशको मुख ताकेर बस्ने र विदेशतिर भौतारिनुभन्दा कृषिक्षेत्रमा लाग्नुस् काम दाम र नाम यहीँ छ ।” जिल्लाका अधिकांश स्थानमा कोरोना भाइरसको प्रकोपसँगै रोजगारी गुमाएका युवाहरू दिनप्रतिदिन कृषि पेशाप्रति आकर्षित हुँदै गएका छन् । यसैगरी वालिङ नगरपालिका- १२ फौदीखोलामा शुभ बिहानी बङ्गुरपालन फर्म सञ्चालन गर्दै आउनुभएका डम्बरबहादुर गुरुङले बङ्गुरपालन व्यवसायबाट आफूले राम्रो आम्दानी लिन सफल भएको बताउनुभयो ।

बिहान उठेदेखि राति अबेर सम्म बंगुरकै सेवामा खट्ने गरेको बताउदै गुरुङले भन्नुभयो, “बङ्गुरपालनका लागि मेहनत धेरै गर्नुपर्छ । यसबाट आम्दामी पनि लिन सकिन्छ ।” कोरोना भाइरसका कारण भएको बन्दाबन्दीका समयमा बङ्गुरका पाठापाठी बिक्री नहुदा समस्या भए पनि अहिले त्यस्तो केही समस्या नभएको गुरुङले बताउनुभयो । विगत छ वर्षअघि रु आठ लाखको लागतमा बङ्गुरपालन व्यावसाय गर्दै आउनुभएका गुरुङले पाठापाठी बिक्री गरेर राम्रो आम्दामी लिनुभएको छ । बङ्गुरको पाठापाठीलाई रु पाँच हजारदेखि पाँच हजार ५०० रुपैयाँ सम्ममा बेच्ने गरेको गुरुङ बताउनुहुन्छ ।

सरकारले कृषकका लागि दिने अनुदान खास किसानसम्म नआएको गुनासो गर्दै उहाँले भन्नुभयो, “व्यावसाय गर्ने किसान अनुदानका लागि धाउने कि फर्ममा काम गर्ने ?” उहाँको प्रश्न छ । नेपालमा कृषिका साथै पशुपालन व्यावसायमा भविष्य भएको बताउँदै उहाँले रोजगारीको लागि अरुको मुख ताक्नुभन्दा अब युवा सानोठूलो व्यावसाय आफैँले गर्न सकिने अनुभव सुनाउनुभयो ।

# उडुस मार्दै रात काट्दै कैन्दीबन्दी

–जनक श्रेष्ठ
लमजुङ, ९ फागुन (रासस)

वरिपरि अग्लो पर्खाल । पर्खालबाट भित्र छिर्ने सानो ढोकाभित्र असरल्ल त्रिपालको बार । त्यहाँभित्र भुइँमै छरपष्ट ओछ्यान । त्यहाँभित्र जीर्ण भवनको ससाना र अँध्यारो कोठामा पनि अटेसमटेस विस्तारा, लुगाफाटा र झिटीगुण्टा । खचाखच मानिस । नजिकै शौचालयबाट आइरहेको ह्वास्स दुर्गन्ध । यो कष्टकर र अत्यासलाग्दो अवस्था हो - जिल्ला कारागारको ।

मापदण्डअनुसारको यहाँको कारागारको संरचना छैन । एक कैदीबन्दी बराबर एक मिटर लम्बाइ र चार मिटर चौडाइ क्षेत्रफलको व्यवस्था गर्नुपर्ने कानूनी प्रावधान रहेको छ । कारागार ३५ जनाका लागि मात्रै उपयुक्त देखिन्छ । अहिले ९१ कैदीबन्दी रहेका छन् ।

पुरानो संरचना र क्षमताभन्दा बढी कैदीबन्दी कारागारमा बस्न बाध्य छन् । बेंसीशहर नगरपालिका वडा नं ८ मा स्थित जिल्लाको एकमात्र कारागारमा विभिन्न सजय भुक्तानी गर्दै आएका कैदीबन्दीलाई चिन्ता र कष्टले सताइरहन्छ । उनीहरु यतिबेला चिसोको मारमा छन् । संरचनाको अभाव तथा जीर्ण हुँदै गएको कारागारमा चिसोयाम होस् वा गर्मी याम । यहाँ उनीहरुलाई बाह्रै महिना दिनरात समस्या हुने गर्दा चिन्तामै हुने गरेका हुन् । चार वर्षदेखि कैद भुक्तानी गर्दै आइरहेका सुवास रानाभाटले भन्नुभयो, “पुस माघको समयमा हामीलाई सुत्न बस्नलाई नै समस्या भइरहेको छ । तल भुइँबाट सिमेन्टीको चिसो आउने गर्दछ । चिसो भुइँमा सुत्नुपर्छ ।” धेरैजना भएकाले भुइँमा लमतन्न भित्र छिर्ने ढोकादेखि शौचालयसम्मै म्याट ओछ्याएर सुत्नुपर्दा विभिन्न समस्या भइरहेको उहाँको भनाइ छ । सिमेन्टको चिसो दिउँसो घाम लाग्दा पनि ओभानो हुँदैन । रातमा त बढी नै चिसो हुने र बिहान कतिबेला घाम लाग्ला र बाहिर घाम ताप्न पाइला भन्दै रात कटाउने गरेको उहाँले दुःखेसो पोख्नुभयो ।

“यहाँ बढी केन्दीबन्दी हुँदा शौचालय जाने बाटोसम्मै सुत्ने गरेको छौँ । राति शौचालय जाने ठाउँ पनि पाइँदैन । बिहान पालो कुर्दाकुर्दै घण्टौं बित्छ”, उहाँले भन्नुभयो । यस्तो समस्यामा दिनरात कटाउनुपर्दा निकै चिन्ता हुने गरेको छ । सात वर्षदेखि कर्तव्य ज्यान मुद्दामा कैद सजाय भुक्तानी गर्दै आएका जीवन अधिकारीले भन्नुभयो, “हामीलाई सुत्ने, बस्ने ठाउँमा चिस्यान नै चिस्यान छ । समाधान छैन । यही चिसोका कारणले यहाँ दिनहुं दुई चार जना रुघाखोकीको बिरामी हुने र निको हुने गरेको छ ।” यति मात्र होइन कोभिडका बेला सामाजिक दूरी कायम गरी उनीहरु सुत्ने र बस्ने गरेका थिए । कोचिएर एउटै ठाउँमा खानुपर्दा कोरोनाको धेरै डर त्रास हुने गरेको थियो । अहिले कोभिडको जोखिम कम छ । चिसो मौसम सकिएर गर्मी मौसम शुरु हुनेबेला भएको छ । गर्मी मौसममा त झन् बढी समस्या हुने गरेको उहाँको भनाइ छ । गर्मीले उकुसमुकुस बनाउने, कारागारको पर्खालदेखि सुत्ने ठाउँको भवन जीर्ण भएकाले कतिबेला भत्किएर ज्यान लिन्छ कि भन्ने डरैडरमा कैदीबन्दी रहेका छन् । “गर्मीका बेला खुला हावा आउने हुनुपर्दछ । । सबै एउटै ठाउँमा कोचिएर बस्नुपर्दा श्वास फेर्नसमेत कठिन हुने गर्दछ ।” उहाँले भन्नुभयो । शौचायलय जानसमेत पालो कुरेर बस्नुपर्ने, अझै दुर्गन्धित भएकाले रोग लाग्ने बढी सम्भावना गर्मी याममा हुने गरेको छ ।

तीन वर्षदेखि कैद सजाय काट्दै आएका मङ्गलबहादुर गुरुङले भन्नुभयो “राणाकालको आँखीझ्याल जस्तो हामी बस्ने ठाउँ छ । धेरै बस्दा एकअर्काको रोग सर्ने सम्भावना पनि उच्च रहेको छ । वर्षेनी गर्मीमा ओछ्यानमा उडुस पर्ने गर्छ । टोकेर सुत्नै मुस्किल हुन्छ । राति १२ बजेसम्म उडुस मार्नमै व्यस्त हुने गर्दा राम्रोसँग सुत्नसमेत समस्या हुने गर्दा गर्मी शुरु हुन लाग्दा थप चिन्तामा छौ । चिसोको समयमा खानेपानी आउने गरे पनि गर्मीमा त खानेपानीको समस्या कारागारमा हुने गरेको छ । पानी कम हुँदा सरसफाइसमेत राम्रोसँग गर्न नपाउने समस्या यहाँका कैदीबन्दीको विगतदेखि कै हो । कैदीबन्दी बस्ने ठाउँ फराकिलो र नयाँ संरचना भएमा सहज हुने कैन्दीबन्दीको भनाइ छ ।

यहाँका कैदीबन्दीले समस्याको समाधान गर्न सरकारसँग माग गर्दै आए पनि समस्या जहाँतहीँ जीवित छ । यस कारागार विसं २०२८ मा कुन्छाबाट बैंसीशहरमा सदरमुकाम सरेसँगै निर्माण गरिएको थियो । कारागारको कार्यालयदेखि कैदीबन्दी बसोबास गर्ने संरचना गरी चार रोपनी क्षेत्रफलमा फैलिएको छ । सङ्ख्याका आधारमा कारागारका लागि आठ रोपनी क्षेत्रफल आवश्यक पर्ने कारागारका सूचना अधिकृत रमेश विकको भनाइ छ ।

कारागार पुरानो र क्षमताभन्दा बढी कैदीबन्दी हुँदा दिनहुँ उनीहरुलाई विभिन्न समस्या हुने गरेको छ । खान, बस्न, सुत्नदेखि शौचालय जानसमेत उनीहरूलाई कठिन भइरहेको र सम्बन्धित ठाउँमा समस्याको समाधान गर्न पहल गरिरहेको उहाँले जानकारी दिनुभयो । सम्बन्धित निकायबाट उक्त कारागारमा नयाँ भवन बनाउन उपयुक्त हुन्छ/हुँदैन भनेर अघिल्लो गत वर्ष माटो परीक्षणको कामसमेत भइसकेको छ । नयाँ भवन बनाउनका लागि उपयुक्त भएको ठहरसमेत प्राविधिक टोलीले गरेको थियो । अहिलेसम्म पनि कुनै काम अघि बढ्न नसकेको जिल्ला कारागारले जनाएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी अनिलकुमार शाहीले क्षमताभन्दा बढी कैदीबन्दी र पुरानो संरचना हुँदा धेरै समस्या भए पनि समाधान हुन नसक्दा कानुनी मापदण्डअनुसारको हुन नसकेको बताउनुभयो । नेपालकै पुरानो कारागारमध्ये एक भएको जनाउँदै उहाँले दिनहुँ दिन कैदीबन्दी थपिँदै जाँदा नयाँ भवन निर्माण गर्नुपर्ने भए पनि नयाँ भवन उपलब्ध हुन नसक्दा विभिन्न समस्या भइरहेको जानकारी दिनुभयो । यस्तो संरचनामा कैदीबन्दी राख्दा उनीहरुको मनोबलसमेत गिर्ने भएकाले कारागार व्यवस्थापन विभागमा लेखापढी गरेर आवश्यक पहल गर्न अनुरोध गरिएको भए पनि कायान्वयन हुन नसकेको उहाँको भनाइ छ । झण्डै ४९ वर्षअघि निर्माण भएको यस कारागार अहिलेसम्म पनि खासै मर्मत तथा आवश्यकताअनुसार कारागारको भवन निर्माण हुन सकेको छैन । यसलाई थप व्यवस्थित र कैदीबन्दीलाई मध्यनजर गरेर सोहीअनुरुप संरचना निर्माण नहुँदा यस्ता समस्या देखिएको छ । यहाँ अब भने सरकारले भवन निर्माण गर्ने बताइएको छ ।

कारागार २५ पुरुष र १० महिला गरी ३५ जनाको क्षमता हो । हाल रहेको ९१ जना कैन्दीबन्दीमध्ये ८२ कैदीबन्दी पुरुष ८० र ११ कैदीबन्दी महिला रहेका छन् । यसैगरी ४७ कैदी र ४४ थुनुवा रहेका छन् । तीमध्ये ३९ कैदी पुरुष र आठ कैदी महिला रहेको कारागारले जनाएको छ । त्यस्तै ४१ जना पुरुष र तीन जना महिला थुनुवा (पुर्पक्षका लागि राखिएको) रहेका छन् । कैदीमध्ये बढी जबर्जस्ती करणी उद्योग, कर्तव्य ज्यान मुद्दाका बढी छन् ।


## शिक्षक आवश्यकता सम्बन्धि सूचना

मादी गा.पा.को कार्यालय थुम्माकोडाँडा कास्कीको पत्र संख्या २०७७।०७८ तथा च.नं. १५१६ को प्राप्त पत्रानुसार तथा यस श्री सिद्ध आ.वि. मादी ८ पोसी कास्कीको वि.व्य.स. को २०७७।११।०६ को निर्णय अनुसार यस विद्यलायमा रहेको प्राथमिक तृतिय श्रेणीको रिक्त पदमा तपशिल बमोजिमको योग्यता पुगेको इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

१. विज्ञापन नं. १।०७७।०७८
२. पद संख्या : १ (एक)
३. पद : प्रा. वि. तृतिय श्रेणी करार ।
४. न्युनतम योग्यता : आई. एड. वा सो सरह ।
५. उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
६. पेश गर्नुपर्ने कागजात :
   शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि,
   नेपाली नागरिकताको प्रतिलिपि,
   अध्यापन अनुमतिपत्रको प्रतिलिपि ।
७. परीक्षा दस्तुर : रु. १,०००।- मात्र
८. तलब भत्ता : नेपाल सरकारको नियमानुसार ।
९. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता
१०. दरखास्तदिने अन्तिममिति : २०७७।११।२३ गते सम्म
११. परीक्षा मितिः सम्पर्क मितिमा तोकिनेछ ।
१२. सम्पर्क मिति : २०७७।११।२४ गते

*सम्पर्क*

**श्री सिद्ध आधारभूत विद्यालय**
मादी गाउँपालिका-८, पोसी, कास्की
९८६०००९४०४, ९८१७७२९८७१


# ज्योति लाइफले ६६ लाख कित्ता साधारण शेयर बिक्री गर्दै

रासस
काठमाडौं, ९ फागुन

एकपछि अर्को गर्दै साधारण शेयर बिक्री गर्ने क्रम बढ्दै गएको छ । ग्रिन लाइफ हाइड्रो पावरको शुक्रबार मात्रै साधारण शेयरको बाँडफाँट भएको छ । महिला लघुवित्त वित्तीय संस्थाको पनि साधारण शेयर बाँडफाँटका क्रममा रहेको बेला अर्को एक कम्पनीले साधारण शेयर (आइपिओ) बिक्रीको स्वीकृति पाएको छ । नेपाल धितोपत्र बोर्डले ज्योति लाइफ इन्सुरेन्स कम्पनीलाई साधारण शेयर बिक्रीको अनुमति दिएको छ ।

कम्पनीले कूल रु ६६ करोड बराबरको ६६ लाख कित्ता साधारण शेयर बिक्रीको अनुमति पाएको हो । कम्पनीले कूल पूँजीको ३० प्रतिशत बराबरको साधारण शेयर बिक्री गर्न लागेको छ । कम्पनीको शेयर बिक्री प्रबन्धमा एनएमबी क्यापिटल रहेको छ । बिक्री प्रबन्धकले केही दिनभित्रै सार्वजनिक विवरण प्रकाशन गर्ने तयारी थालेको छ ।

# घारखोलामा मोटर चल्ने पुल निर्माण शुरु

पोखरापत्र संवाददाता
म्याग्दी, ९ फागुन

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको वडा नं ५ र ६ को सिमानास्थित घारखोलामा मोटर चल्ने पुल निर्माण शुरु भएको छ । पोखरेबगरदेखि नेपाने हुँदै पाउद्वार जोड्ने सडकअन्तर्गत घारखोलामा निर्माण हुन लागेको पुलको शनिबार विघटित प्रतिनिधिसभा सदस्य भुपेन्द्रबहादुर थापाले शिलान्यास गर्नुभयो ।

राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको जिल्ला आयोजना कार्यान्वयन एकाइ, म्याग्दीले ठेक्का लगाएको एक वर्षपछि पुल निर्माण शुरु भएको हो । रु तीन करोड ४८ लाख ९४ हजार ७० लागत अनुमान गरिएको पुल निर्माण गर्न फेवा-बिएम जेभी पोखरालेरु दुई करोड ८१ लाख ७८ हजार ६४६ मा ठेक्का लिएको छ । विसं २०७६ माघ १७ गते ठेक्का सम्झौता भएको पुल २०७८ साउन २४ गते सम्पन्न गर्ने सम्झौतामा उल्लेख छ । परामर्शदाताले गरेको गलत डिजाइनका कारण सम्झौता गरेको करिब एक वर्षपछि पुल निर्माण शुरु भएको हो । विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) र पुल निर्माण गर्ने ठाउँको भूगोल तथा दूरी नमिलेपछि पुल निर्माणमा ढिलाइ भएको निर्माण कम्पनीका प्रतिनिधि विमलेश आचार्यले बताउनुभयो ।

“सम्झौता लगत्तै पुल निर्माण गर्ने ठाउँमा लगेका मेसिन दुई महिनासम्म खोला किनारमै राखेर फिर्ता गर्नुपर्‍यो”, उहाँले भन्नुभयो, “प्राधिकरणले गत भदौमा नयाँ डिजाइन स्वीकृत गरेर कार्यादेश दिएपछि अहिले काम शुरु गरेका छौँ ।” पुलको पाउद्वारतर्फको पिलर निर्माण शुरु गरेको निर्माण कम्पनीले पोखरेबगर तर्फको पिलरको जग खन्ने तयारी गरेको छ ।

पच्चीस मिटर लामो पुल बनाउनुपर्नेमा काठमाडौँको परामर्शदाता कम्पनी ग्रिड कन्सल्टेन्सीले २० मिटर लामो पुलको डिपिआर बनाएको थियो । सोही डिपिआरको आधारमा ठेक्का लगाइएकाले पुल निर्माण प्रभावित भएको अन्नपूर्ण-५ का कार्यवाहक वडाध्यक्ष राजेश तिलिजाले बताउनुभयो ।

घारखोलामा पुल नहुँदा २०० घरधुरीको बसोबास भएको चार वर्षअघि सडक पुगेको पाउद्वार गाउँ बर्खामा यातायात सम्पर्क विच्छेद हुने गरेको छ । “घारखोलामा पुल बन्यो भने बाह्रै महिना गाडी चल्छ”, वडाध्यक्ष तिलिजाले भन्नुभयो, “सडक भए पनि पुल नहुँदा पैदलयात्रा गर्न र घोडा खच्चरबाट ढुवानी गर्नुपर्ने बाध्यता छ ।”

भूकम्प प्रभावित सडकअन्तर्गत प्राधिकरणले पोखरेबगर-चित्रे सडक र घारखोला मोटरेबल पुल योजना छनोट गरेको थियो । बेनीमा कार्यालय स्थापना हुनुअघि नै तयार भएको डिपिआरमा ठेक्का लगाइसकेपछि प्राविधिक त्रुटि भेटिएपछि पुनःडिजाइन गरेर काम अघि बढाएको एकाइका प्रमुख नारायण ढकालले बताउनुभयो ।

“डिजाइन संशोधन गरेर २५ मिटरकै पुल बनाउन लागिएको छ”, उहाँले भन्नुभयो, “ठेकेदारले पनि कामलाई तीव्रता दिएका छन् ।” परामर्शदाताले एउटा ठाउँको योजनाको डिपिआरलाई अर्को ठाउँको भनेर दिएकाले पुल निर्माण कार्य प्रभावित भएको हो ।

शिलान्यास कार्यक्रममा निवर्तमान सांसद थापाले रद्द हुने अवस्थामा पुगेको पुललाई धेरै मेहनत गरेर कार्यान्वयनको अवस्थामा ल्याइएको बताउनुभयो । घारखोलामा मोटर चल्ने पक्की पुल निर्माण भएपछि नेपाने, पाउद्वार, किन्दु, स्वाँताका बासिन्दालाई सुविधा पुग्ने जनाइएको छ ।

शिलान्यास कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख देवेन्द्रबहादुर केसी, अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष डमबहादुर पुन, प्रमुख जिल्ला अधिकारी उमाकान्त अधिकारी, नेकपाको ओली समूहका जिल्ला सचिव हरिकृष्ण श्रेष्ठलगायतको उपस्थिति थियो ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमार्फत पोखरेबगरदेखि घार खिवाङ शिख हुँदै चित्रे जोड्ने १८ किलोमिटर सडक कालोपत्रे गर्न २०७५ मङ्सिरदेखि काम भइरहेको छ । ठेकेदारले पर्याप्त मात्रामा मजदुर र उपकरण परिचालन गर्न नसकेका कारण सम्झौताको म्याद सकिए पनि करिब आधा मात्र भौतिक प्रगति भएको छ ।

# ‘कालिका दर्शन वर्ष’ मनाइने

पोखरापत्र संवाददाता
बागलुङ, ९ फागुन

विसं २०८० लाई ‘कालिका दर्शन वर्ष’ का रूपमा मनाइने भएको छ । यहाँस्थित प्रसिद्ध शक्तिपीठ कालिका भगवती मन्दिरलाई राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय जगत्मा चिनाउने र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले दर्शन वर्षको आयोजना गर्न लागिएको हो ।

यद्यपि ‘कालिका दर्शन वर्ष’ को औपचारिक घोषणा भने नयाँ वर्षका दिन आउँदो वैशाख १ गते गर्ने तयारी छ । मन्दिर गुठीका अध्यक्ष राजु खड्काका अनुसार विसं २०८० मा ५० लाख दर्शनार्थी/पर्यटक मन्दिरमा भित्र्याउने लक्ष्य लिइएको छ । “दुई वर्ष पूर्वाधार तयारी र प्रचारप्रसारको काम गर्छौं”, उहाँले भन्नुभयो, “विसं २०८० मा बढीभन्दा बढी आन्तरिक एवं बाह्य पर्यटकलाई मन्दिरको दर्शन गराउने, घुमाउने योजना छ ।” मन्दिरलाई जोडेर जिल्लाका अन्य धार्मिक एवं पर्यटकीय सम्पदाको प्रवर्द्धन गरिने अध्यक्ष खड्काको भनाइ छ । सो वर्ष हरेक महिना जिल्लास्तरमा विशेष ढङ्गले पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम गरिने भएको छ । त्यसका लागि स्थानीय तहदेखि राज्यका निकाय र पर्यटनसँग सम्बन्धित सङ्घसंस्थासँग सहकार्य गरिने गुठीले जनाएको छ । प्रवासी नेपाली र तिनका संस्थामार्फत दर्शन वर्षको प्रचारप्रचार विदेशमा गरिने अध्यक्ष खड्काले बताउनुभयो ।

दर्शन वर्षको कार्यक्रमिक खाका बनाउने काम अहिले भइरहेको जनाइएको छ । सोही वर्षदेखि कालिका मन्दिर परिसलाई प्लाष्टिकमुक्त क्षेत्र घोषणा गर्ने पनि तयारी भइरहेको छ । विसं २०७९ सम्ममा प्लाष्टिकको प्रयोगलाई निरुत्साहित र न्यूनीकरण गर्दै जाने गुठीको योजना छ । ‘कालिका दर्शन वर्ष’ ले जिल्लाको धार्मिकसँगै समग्र पर्यटन क्षेत्रको प्रवर्द्धनमा उल्लेख्य टेवा पुग्ने बागलुङ पर्यटन विकास समितिका वरिष्ठ उपाध्यक्ष राज थापाले बताउनुभयो । उहाँले बागलुङको पर्यटनलाई उकास्न कालिका दर्शन वर्ष जस्ता प्रवर्द्धनात्मक कार्यक्रमले टेवा पुर्‍याउने उल्लेख गर्नुभयो ।

सरकारद्वारा सूचीकृत पर्यटकीय गन्तव्यस्थलमा पर्ने कालिका भगवती मन्दिरमा बर्सेनि बडादशैं र चैत्राष्टमी पर्वमा ठूलो मेला लाग्ने गर्छ । कालिका भगवतीको दर्शन गर्नाले मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ । देशका विभिन्न भागदेखि भारतसम्मबाट यहाँ दर्शनार्थी आउँछन् । माघ र साउन महिनाबाहेक वर्षभरि नै मन्दिरमा भक्तजनको भीड लाग्छ । विसं १५९१ मा स्थापित सो मन्दिरमा वार्षिक रु एक करोडभन्दा बढी भेटी उठ्छ । बागलुङ नगरपालिका-१ मा पर्ने मन्दिरलाई विश्वसम्पदा सूचीमा पार्न पहल गरिए पनि त्यसले अझै साथर्कता पाएको छैन ।

# ‘गेगनाथ नहर्की स्मृतिमा पत्रकारिता पुरस्कार’ स्थापना

पोखरापत्र संवाददाता
तनहुँ, ९ फागुन

नेपाल प्रेस युनियन तनहुँका अध्यक्ष अमरराज नहर्कीले आफ्नो स्वर्गीय बुबा गेगनाथ नहर्कीको स्मृतिमा पत्रकारिता पुरस्कार स्थापना गर्नुभएको छ ।

अध्यक्ष नहर्कीले शनिबार एक कार्यक्रममा ‘गेगनाथ नहर्की स्मृति पत्रकारिता पुरस्कार’ अक्षय कोष स्थापना गर्न रकम हस्तान्तरण गर्नुभएको हो । अक्षय कोषका लागि रु ५१ हजार १५१ नेपाली कांग्रेसका आमन्त्रित केन्द्रीय सदस्य ध्रुव वाग्लेलाई अध्यक्ष नहर्की, नहर्कीकी धर्मपत्नी प्रभा नहर्की, दिदी सान्नानी पाण्डे र भाई दिनेशराज नहर्कीले प्रदान गर्नुभयो ।

सो अक्षय कोषबाट प्राप्त हुने ब्याजबाट बर्सेनि युनियनले सिफारिस गरेको जेहेन्दार पत्रकारलाई पुरस्कार प्रदान गर्ने योजना रहेको छ । अध्यक्ष नहर्की सेतीमादी दैनिकका सहसम्पादक र गोरखापत्र दैनिकका तनहुँ समाचारदाता हुनुहुन्छ । रकम हस्तान्तरण कार्यक्रमका नेता वाग्लेले प्रतिनिधिसभा पुनःस्थापना भए कांग्रेसलाई मान्य हुने र पुनःस्थापना नभए निर्धारित समयमा नै निर्वाचन हुनुपर्नेमा जोड दिनुभयो । कांग्रेसका कार्यवाहक जिल्ला सभापति जीतप्रकाश आलेले हाल सरकार अलोकन्त्रान्त्रिक तरिकाबाट अघि बढिरहेकाले सर्वासत्तावादका विरुद्ध, भ्रष्टाचार र असंवैधानिक कदमका विरुद्ध खबरदारी गरी जनतालाई सुसूचित पार्न आग्रह गर्नुभयो । प्रवक्ता महेश्वर भट्टराईले पार्टीको कुरालाई चलायमान गराउन प्रेस युनियनकर्मीले महत्वपूर्ण भूमिका निर्वाह गरेको र भावी दिनमा पनि सशक्तरूपमा अघि बढ्न आग्रह गर्नुभयो । सो अवसरमा नेपाल प्रेस युनियनको गतिविधिका बारेमा समीक्षा गरिएको थियो । समीक्षा कार्यक्रममा पश्चिमाञ्चल संयोजक प्रदीप काफ्ले, पूर्वअध्यक्ष डम्बरबहादुर अधिकारी, निवर्तमान अध्यक्ष ओमकार आचार्य, महिला विकास सदस्य सोनी शर्मा, पार्षद्हरु वसन्त कँडेल, मदन वाग्ले, शङ्करराज नहर्की, शैलेश मिश्र, सल्लाहकार गोरा मिया, सदस्य आशबहादुर घिमिरेलगायतले एकता नै बल भएकाले एकताबद्ध भएर अघि बढ्न जरुरी रहेको कुरामा जोड दिनुभएको थियो ।

# व्यास पराशर र आध्यात्मक रामायण कृतिको विमोचन

पोखरापत्र संवाददाता
तनहुँ, ९ फागुन

व्यास अध्येता काशिनाथ न्यौपानेद्वारा लिखित व्यास पराशर र स्व श्री १००८ स्वामी डा रामानन्द गिरीजी महाराजद्वारा नेपाली भाषमा अनुदित अध्यात्मिक रामायणको आइतबार विमोचन गरिएको छ ।

व्यास नगरपालिका-५ स्थित पराशर आश्रम संरक्षण समितिको वार्षिक साधारणसभा तथा १५औं अधिवेशनका अवसरमा सो कृति विमोचन गरिएको हो । ती दुवै कृतिको महेश गुरुकुल आश्रम देवघाटका पीठाधीश श्री १००८ स्वामी रमणनन्द गिरी महाराज, अभय आश्रमका पीठाधीश श्री १००८ स्वामी कृष्णनन्द सरस्वती महाराज, व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपाने र भागवत भास्कर कमलनयन गौतमले संयुक्तरूपमा विमोचन गर्नु भएको हो ।

सो अवसरमा श्री १००८ स्वामी रमणनन्द गिरीले बौद्धिक चिन्तनका बारेमा नयाँ पुस्ताले ग्रहण गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “धर्मले नै देशलाई बचाएको हुन्छ र यसले गर्दा आज नेपालको शिर ठाडो बनाएको छ ।” सनातन धर्मको विरुद्धमा भ्रम फैलाउने कार्य भइरहेकाले भ्रमबाट मुक्त गराउन र धर्म, कला संस्कृति संरक्षणका लागि नयाँ पुस्ताले चासो देखाउनुपर्ने समय आएको उहाँको भनाइ थियो । नगर प्रमुख न्यौपानेले नगरपालिका क्षेत्रलाई सनातन हिन्दूहरूको तीर्थस्थलका रूपमा प्रचार गर्नका लागि यस कृतिले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । नगरपालिकाको ऐतिहासिक, धार्मिक एवं पर्यटन क्षेत्र समेटेर खोज तथा अनुसन्धानमूलक कृति भएकाले नगरपालिको प्रकाशनमा ल्याएको उहाँले बताउनुभयो । नगरपालिका-४ निवासी साहित्यकार न्यौपानेका यसअघि ११ वटा पुस्तक प्रकाशित भएका छन् भने विभिन्न सङ्घसंस्थाहरूबाट समेत पुरस्कृत भइसक्नुभएको छ । धार्मिकस्थलको विकासका लागि तीनैवटा सरकारले ध्यान दिन सके धार्मिक पर्यटकीयस्थलका रूपमा विकास गर्न सकिने प्रचुर सम्भावना रहेको न्यौपानेले बताउनुभयो ।

समितिका अध्यक्ष ताराप्रसाद श्रेष्ठको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा न्यायाधीश केशरीराज पण्डित, गण्डकी प्रदेशसभा सदस्य दोवाटे विश्वकर्मा, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, प्रमुख जिल्ला अधिकारी सागर आचार्य, नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य देवकुमार श्रेष्ठ, श्रीकृष्ण द्वैपायनका प्रतिनिधि प्रेमप्रकाश भट्टराई, माँ दुर्गेकी अध्यक्ष कल्पना गौलीलगायत वक्ताहरूले आ-आफ्ना मन्तव्य राख्नु भएको थियो ।